# प्रदेश नं. १ प्रदेश वन ऐन, २०७७

**प्रमाणीकरण मिति**
२०७७।४।१८

संवत् २०७७ सालको ऐन नं. ४

**प्रदेश वनको व्यवस्था गर्नका लागि बनेको ऐन**

**प्रस्तावनाः** वन व्यवस्थापन पद्धतिका माध्यमबाट प्रदेश भित्र रहेका राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण, व्यवस्थापन र सुदृढिकरण गरी मुलुकको समृद्धिमा योगदान गर्न नेपालको संविधानको अनुसूचीमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा रहेको व्यवस्था तथा संघीय वन ऐन समेतलाई मध्यनजर गरी प्रदेश स्तरमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं.१ को प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**प्रदेश नं. १ प्रदेश वन ऐन**, २०७७" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**उपभोक्ता समूह**" भन्नाले वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्न दफा ३८ बमोजिम गठन भएको उपभोक्ता समूह सम्झनुपर्छ।

(ख) "**आखेटोपहार**" भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्ग सम्झनुपर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तुलाई समेत जनाउँछ।

(ग) "**कबुलियती वन**" भन्नाले दफा ३२ बमोजिम व्यवस्थापन गरिने प्रादेशिक वन सम्झनुपर्छ।

(घ) "**कार्ययोजना**" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएकोयस ऐन बमोजिम स्वीकृत वन सम्बन्धी कार्ययोजना सम्झनु पर्छ । सो शब्दले यो ऐन प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम स्वीकृत भई कार्यान्वयनमा रहेको कार्ययोजना समेतलाई जनाउँदछ।

(ङ) "**खनिजजन्य वन पैदावार**" भन्नाले वन क्षेत्रमा भू-सतह वा भूगर्भ भित्र पाइने वा वन क्षेत्रभित्र भएर बग्ने खोला वा नदीमा रहेको वा पाइएको पेट्रोलियम र ग्याँस पदार्थ वाहेक चट्टान, माटो ढुंङ्गा, गिट्टी, बालुवा वा कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयूक्त अप्राङ्गरिक पदार्थ सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(च) **“गैरकाष्ठ वन पैदावार”** भन्नाले काठ र दाउरा वा काष्ठजन्य बाहेक वनमा रहेका, पाइएका वा वनक्षेत्रमा पाइने सवै जैविक उत्पत्तिका वन पैदावार सम्झनुपर्छ र सो शब्दले जडिबुटी समेतलाई जनाउनेछ।

(छ) **“चौपाया”** भन्नाले जुनसुकै जातको पाल्तु चारखुट्टे जनावर सम्झनु पर्छ।

(ज) **“जलाधार”** भन्नाले बर्षाको वा पानी एकीकृत भई एउटै निकासबाट बग्ने पानीढलो क्षेत्र सम्झनुपर्छ र सो शब्दले कुनै नदी, खोला, खोल्सा आदिलाई निकासको आधार मानी त्यस्तो बहाव सँगसँगैको र सोभन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ।

(झ) **“जैविक मार्ग”** भन्नाले वन्यजन्तु एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने बाटो सम्झनु पर्छ।

(ञ) **“टाँचा”** भन्नाले काठ वा खडा रहेका रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनुपर्छ। सो शब्दले उक्त निशाना लगाउन प्रयोग गरिने निशाना अंकित फलामे घनलाई समेत जनाउँछ।

(ट) **“डिभिजन वन कार्यालय”** भन्नाले प्रदेश सरकार अन्तर्गतको डिभिजन वन कार्यालय सम्झनु पर्छ।

(ठ) **“डिभिजनल वन अधिकृत”** भन्नाले प्रचलित कानून बमोजिम तोकिएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ड) **“तोकिएको” वा “तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) **“दरिया वुर्दी”** भन्नाले नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएको सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ वा टाँचा निशाना नलागेको काठ सम्झनु पर्छ।

(ण) **“धार्मिक वन”** भन्नाले दफा ३४ बमोजिम जिम्मा दिएको प्रादेशिक वन सम्झनु पर्छ।

(त) **“नदीजन्य पदार्थ”** भन्नाले राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्र भित्रको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुंगा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो, दहत्तर, बहत्तर समेत सम्झनु पर्छ।

(थ) **“निजी वन”** भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ।

(द) **“निर्देशनालय”** भन्नाले प्रदेश सरकार अन्तर्गतको वन निर्देशनालय सम्झनु पर्छ।

(ध) **“निर्देशक”** भन्नाले निर्देशनालयको प्रमुख भै काम गर्ने अधिकृत कर्मचारी सम्झनु पर्छ।

(न) **“प्रदेश”** भन्नाले प्रदेश नम्बर एक सम्झनुपर्छ।

(प) **“प्रदेश सरकार”** भन्नाले प्रदेश नं. एकको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.

(फ) **"प्रादेशिक वन"** भन्नाले निजी वन तथा अन्तर प्रादेशिक वन बाहेक प्रदेश भित्रको वन सिमाना लगाइएको वा नलगाइएको सबै वन सम्झनुपर्दछ र सो शब्दले वनले घेरिएको वा वन क्षेत्रसँग जोडिएको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

(ब) **"पर्यापर्यटन"** भन्नाले वन, वन्यजन्तु, वातावरण, सिमसार, पर्वतारोहण, ट्रेकिङ्ग लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाई बुझ्नुपर्छ र सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने कृयाकलापलाई समेत जनाउँछ।

(भ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको वन तथा वातावरणसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(म) **"वन"** भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(य) **"वन पैदावार"** भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छः-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा

(२) रुख, बिरुवा, पात, डाँठ, फल, बीज, फूल, भूवा, जरा, गानो, बोक्रा, गमरेजीन लोहवान र सवै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग, वा

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा

(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार।

(र) **"वन क्षेत्र"** भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनुपर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानून बमोजिम वनक्षेत्रको रुपमा परिभाषित गरिएको क्षेत्र समेतलाई जनाउँछ।

(ल) **"वन संरक्षण क्षेत्र"** भन्नाले दफा १९ बमोजिम घोषणा गरिएको वन संरक्षण क्षेत्र सम्झनु पर्छ।

(व) **"वन सिमाना चिन्ह"** भन्नाले प्रादेशिक वनको सिमाना छुट्याउन लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै बस्तुका खम्बा वा चिन्हपट सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अंकित वन सिमाना चिन्हलाई समेत जनाउँछ।

(श) **"वन व्यवस्थापन पद्धति"** भन्नाले प्रादेशिक वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, सामुदायिक वन, धार्मिक वन, कबुलियती वनलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ष) **“वन्यजन्तु”** भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंक्षी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पीसीज), भ्यागुता जाति (एम्फिवियन्स) र कीरा फट्याङ्ग्रा (इन्सेक्ट्स) लाई सम्झनुपर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँछ।

(स) **“वातावरणीय परीक्षण”** भन्नाले प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ह) **“वातावरणीय सेवा”** भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनु पर्छः-

(१) कार्बन सेवा,

(२) जैविक विविधताको संरक्षण,

(३) जलाधार तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमको अन्य वस्तु, सेवा तथा लाभ।

(क्ष) **“सरकारद्वारा व्यवस्थित वन”** भन्नाले दफा १८ बमोजिम प्रदेश सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय तथा प्रादेशिक वन सम्झनु पर्छ।

(त्र) **“सव-डिभिजन वन कार्यालय”** भन्नाले डिभिजन वन कार्यालय अन्तर्गतको वन कार्यालय सम्झनु पर्छ।

(ज्ञ) **“साझेदारी वन”** भन्नाले दफा २० बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने प्रादेशिक वनको कुनै भाग सम्झनु पर्छ।

(ज्ञ१) **“सामुदायिक वन”** भन्नाले दफा २४ बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको प्रादेशिक वन सम्झनु पर्छ।

(ज्ञ२) **“सिमसार क्षेत्र”** भन्नाले भूमिगत जलश्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराईन फ्ल्डप्लेन), ताल (लेक), पोखरी (पोण्ड) र जलभण्डार क्षेत्र (वाटर स्टोरेज एरियाज) समेतलाई जनाउँछ।

(ज्ञ३) **“संघीय वन ऐन”** भन्नाले नेपाल सरकारको प्रचलित वन ऐनलाई सम्झनु पर्छ।

(ज्ञ४) **"स्थानीय तह"** भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## प्रादेशिक वनको सीमा निर्धारण सम्वन्धी व्यवस्था

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३. <u>**सीमा निर्धारण सम्वन्धी व्यवस्था:**</u> (१) नेपाल सरकारले राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण नगरेसम्म यस अघि प्रचलित कानून बमोजिम निर्धारण गरिएको वन सीमाना नै यस ऐन बमोजिमको वनको सीमाना हुनेछ।

(२) नेपाल सरकारको स्वीकृति लिई प्रदेश सरकारको अनुमतिमा वनक्षेत्र भित्र रहेको वा वनको सिमानासँग जोडिएको सार्वजनिक जग्गा वा सो जग्गामा बनेको घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना समेत वनको सीमानाभित्र पारी डिभिजनल वन अधिकृतले सम्बन्धित स्थानीय तहको सहमतिमा नापी कार्यालयको आवश्यक सहयोग लिई छुट्याउन सक्नेछ।

(३) वनको सिमाना भित्र वा वनको सिमानासँग जोडिएको व्यक्तिको निजी जग्गा र त्यस्तो जग्गामा वनेको घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना प्रदेश सरकारको स्वीकृतिमा वनको सिमाना भित्र पारी डिभिजनल वन अधिकृतले छुट्याउन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको प्रयोजनका लागि प्रादेशिक वनको सिमाना छुट्याउँदा सोको कारण र त्यस्तो जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित व्यक्तिको घर दैलो, स्थानीय तह र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँसगरी सार्वजनिक सञ्चार माध्यममा समेत प्रकाशित गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम घर जग्गा प्राप्त गरिने कुराको सूचना टाँस वा प्रकाशित भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस वा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र निर्देशक समक्ष उजूरी दिन सक्नेछ र निर्देशकको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णय विरुद्ध निर्णय भएको जानकारी पाएको मितिले पैतिस दिन भित्रमा प्रचलित कानून बमोजिम न्यायीक निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ।

४. <u>**मुआब्जा, क्षतिपूर्ति तथा नीजि जग्गाको लगत काट्ने:**</u> (१) प्रादेशिक वनको सिमाना छुट्याउँदा वनको सिमाना भित्र पारिएको कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा वनेको घर, छाप्रो, टहरो, रुख र खडा अन्नबाली वा अन्य भौतिक संरचना समेत जग्गा प्राप्ति सम्वन्धि प्रचलित कानून बमोजिम प्राप्त गरी सोको क्षतिपूर्ति वा मुआब्जा सम्वन्धित जग्गावालालाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यक्तिको निजी जग्गा प्रादेशिक वन भित्र पारिएमा सो जग्गाको क्षेत्रफल, कित्ता नं. तथा सिमाना सम्वन्धी विवरण खोली डिभिजनल वन अधिकृतले मालपोत कार्यालय एवं सम्वन्धित स्थानीय तहमा लगत कट्टाको लागि लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा मालपोत कार्यालयले सो जग्गाको मालपोत र सम्वन्धित स्थानीय तहले त्यस्तो जग्गाको करको लगत कट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लगत कट्टा भएको विवरण डिभिजन वन कार्यालयले संघीय वन मन्त्रालय, मन्त्रालय र निर्देशनालयमा पठाउनु पर्नेछ।

५. <u>**बल प्रयोग गर्न सक्ने:**</u> डिभिजनल वन अधिकृतले यस ऐन बमोजिम वन क्षेत्रसँग जोडिएकोसार्वजनिक जग्गा वा त्यस्तो जग्गामा बनेको संरचना वनको सिमाना भित्र पार्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गरी कारबाही गर्न र घर, छाप्रो, टहरो, जग्गा कब्जामा लिन सक्नेछ।

६. **<u>वन क्षेत्रको जग्गा दर्ता गर्न नहुने:</u>** (१) राष्ट्रिय तथा प्रादेशिक वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुदैन।

(२) यो ऐन प्रारम्भ भएपछि वा यो ऐन प्रारम्भ हुनु अघि कसैले राष्ट्रिय तथा प्रादेशिक वनभित्रको जग्गा गैरकानूनी रुपमा दर्ता गरे गराएको पाइएमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ र त्यस्तो दर्ता गर्ने गराउने व्यक्ति वा सार्वजनिक पदाधिकारी माथि प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(३) उपदफा (२) वमोजिम दर्ता बदर भएको जग्गाको लगतकट्टा गर्न डिभिजनल वन अधिकृतले मालपोत कार्यालयलाई र करको लगत कट्टा गर्न सम्वन्धित स्थानीय तहलाई तत्काल लेखी पठाउनु पर्नेछ । त्यसरी लेखी आएमा सात दिनभित्र मालपोत कार्यालयले सो जग्गाको मालपोत र सम्वन्धित स्थानीय तहले सो जग्गाको करको लगतकट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ र डिभिजन वन कार्यालयले मन्त्रालय र संघीय वन मन्त्रालयमा सोको जानकारी पठाई कानून बमोजिम कारवाहीको लागि सम्वन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

७. **<u>वन क्षेत्र भित्र बसोबास र बस्ती स्थानान्तरण सम्वन्धी व्यवस्था:</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि किसिमको वन क्षेत्र बसोबासका लागि प्रयोग गरिने छैन।

(२) राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षणका लागि कुनै बस्ती वा गाउँ नै स्थानान्तरण गर्न आवश्यक ठानेमा प्रदेश सरकारले यस परिच्छेद बमोजिमको प्रकृया अपनाई स्थानान्तरण गर्नसक्नेछ।

तर बस्ती स्थानान्तरण गर्दा सम्वन्धित पक्षसँग सहमती लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानान्तरण हुने बस्ती अन्यत्र वन क्षेत्रमा नै राख्नु पर्ने भएमा प्रदेश सरकारले स्थानान्तरण हुने समुदाय र नेपाल सरकारको सहमतिमा आवश्यक निर्णय गर्न सक्नेछ।

८. **<u>कुनै व्यक्तिलाई छुट वा सहुलियत प्राप्त नहुने:</u>** (१) नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बमोजिम डिभिजन वन कार्यालयबाट पट्टा, पूर्जि वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारको छुट वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय तथा प्रादेशिक वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(२) नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बमोजिम डिभिजनल वन अधिकृतको आदेश बमोजिम बाहेक कुनै व्यक्तिले उपदफा (१) बमोजिम प्रादेशिक वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छाडी दिनु हुदैन।

९. **<u>प्रवेश निषेध सम्वन्धी व्यवस्था:</u>** (१) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले सार्वजनिक सूचना प्रकाशन गरी राष्ट्रिय तथा प्रादेशिक वनको पूरै वा केही भागमा निश्चित समयका लागि वा सँधैका लागि प्रवेश निषेध गर्न सक्नेछ।

तर यसरी निषेध गर्दा परम्परागत रहेको बाटो, पानीघाटमा आवतजावत र उपयोग गर्न बन्देज लगाउने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित शर्तको अधीनमा रही डिभिजनल वन अधिकृतले आवत-जावत गर्नको लागि बाटो छुट्याउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रवेश निषेध गरिएको वन क्षेत्रमा डिभिजनल वन अधिकृतको अनुमति बेगर कुनै पनि प्रकारको घरपालुवा चौपाया प्रवेश गराउन पाइने छैन।

(४) उपदफा (१) बमोजिम प्रवेश निषेध गर्दा नेपाल सरकारबाट अनुमती प्राप्त आयोजना संचालकको हकमा संघीय वन ऐनमा तोकिए बमोजिम प्रवेश नियमनको व्यवस्था गरिनेछ।

१०. <u>राष्ट्रिय तथा प्रादेशिक वनको व्यवस्थापनः</u> (१) प्रदेश सरकारसँगको परामर्शमा नेपाल सरकार र प्रदेश सरकारले आफैले वनाएको एकीकृत वा प्रदेशगत रणनीतिक योजना अनुरुप प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वन, प्रादेशिक वन र अन्तर प्रादेशिक रुपमा फैलिएको वनको संरक्षण, विकास र सदुपयोग गर्न आवश्यक व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि डिभिजनल वन अधिकृतले प्रदेश सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, सामुदायिक वन, धार्मिक वन, राष्ट्रिय वन व्यवस्थापन पद्धति अवलम्बन गरिने छ।

(३) प्रदेश सरकारले आवश्यक ठानेमा एउटा वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भइरहेको राष्ट्रिय तथा प्रादेशिक वनको केहि भाग वा पूरै भागलाई कुनै अर्को वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गर्न सक्नेछ र त्यसरी अपनाईने व्यवस्थापन पद्धति कार्यान्वयन गर्दा सम्वन्धित सरोकारवालासँग पनि परामर्श गर्न सकिनेछ।

तर त्यसरी वन व्यवस्थापन पद्धतिमा परिणत गर्नु पूर्व सो को ठोस आधार र कारण उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम राष्ट्रिय तथा प्रादेशिक वनको व्यवस्थापन गर्दा संघीय रणनीतिक योजनासँग नवाझिने गरी डिभिजनल वन अधिकृतले सहभागितामूलक रुपमा आफ्नो क्षेत्र भित्रको प्रादेशिक वनको रणनीतिक योजना तयार गरी तोकिए बमोजिम स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम वन व्यवस्थापन गर्दा वन्यजन्तुको आहारा, आवतजावत, वासस्थान समेतका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।

तर राष्ट्रिय वनभित्रको कुनै क्षेत्रलाई नेपाल सरकारले वन सम्वन्धी राष्ट्रिय आयोजनाको रुपमा व्यवस्थापन गरेको हकमा संघीय वन ऐन बमोजिम हुनेछ।

११. <u>वन पैदावारको विक्री वितरणः</u> (१) प्रदेश सरकारले वन पैदावार (काठ र दाउरा) को विक्री वितरण र आपूर्तिका लागि तोकिए बमोजिमको संरचना तयार गरी व्यवस्थापन गर्नेछ।

(२) प्रदेश सरकारले तोकिए बमोजिमको वन पैदावारमा आधारित उद्योगलाई तोकिए बमोजिम कच्चा पदार्थ उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) वन पैदावारको उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसार-पसार गर्न तोकिएको निकाय वा अधिकारीलाई डिभिजनल वन अधिकृतले तोकिए बमोजिम इजाजतका लागि अख्तियारी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ।

(५) वन क्षेत्र नभएका स्थानीय तहमा सामुदायिक वन वा साझेदारी वन वा प्रादेशिक वनबाट एक-एक काठ दाउरा बिक्री डिपो राख्न सकिनेछ।

१२. <u>वनक्षेत्र भित्र संरचना निर्माण गर्न नहुने:</u> पर्यापर्यटन कार्यका लागि स्वीकृत कार्ययोजनामा उल्लेख भए बाहेक र यस ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियमावलीमा भएको व्यवस्था देखि बाहेक राष्ट्रिय तथा प्रादेशिक वनको क्षेत्रभित्र मन्त्रालयको स्वीकृति विना कुनै पनि प्रकारको सडक, खेलमैदान, हाटबजार, अनावश्यक टावर, पिलर, कन्क्रिटाइजेन जस्ता संरचना निर्माण गर्न पाइने छैन।

१३. <u>अध्ययन, अनुसन्धानका लागि वनक्षेत्र उपलब्ध गराउन सक्ने:</u> (१) अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनी गर्ने अभिप्रायले सरकारी स्वामित्वमा रहेको अनुसन्धान गर्ने निकाय, बिश्वबिद्यालय वा शैक्षिक संस्थाले वनक्षेत्र माग गरेमा तोकिए बमोजिमको प्रकृयाको आधारमा मन्त्रालयले सोही प्रयोजनका लागि निश्चित अवधि तोकी वन, जंगल वा वन्यजन्तु वा वन पैदावारलाई प्रतिकूल असर नपर्ने गरी प्रादेशिक वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न चाहने ब्यक्ति वा संस्थाले तोकिए बमोजिमको प्रकृया पूरा गरी मन्त्रालयबाट अनुमती लिनु पर्नेछ र मन्त्रालयले दिएको अनुमतीको जानकारी संघीय वन मन्त्रालय, निर्देशनालय, सम्बन्धित डिभिजन वन कार्यालय र सम्वन्धित स्थानीय तहलाई दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम वनक्षेत्र उपलब्ध गराउँदा लिईने तोकिए बमोजिमको दस्तुर तथा नमूना संकलन गर्न चाहने ब्यक्तिले बुझाएको तोकिए बमोजिमको दस्तुर प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१४. <u>अनुसन्धान केन्द्र तथा वनस्पति उद्यान स्थापना गर्न सकिने:</u> (१) प्रदेश सरकारले दुर्लभ, लोपोन्मुख, रैथाने, संकटापन्न वनस्पतिको संरक्षण तथा जडिबुटीजन्य वनस्पतिको अध्ययन, अनुसन्धान, प्रदर्शनी, व्यवसायीक खेती प्रवर्द्धनका लागि हर्वेरियम र प्रयोगशाला सहितको जडिबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यान स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने जडिबुटी अनुसन्धान केन्द्रको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (३) बमोजिम स्थापना हुने बनस्पति उद्यानको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम सम्वन्धित निकाय वा सार्वजनिक निजी साझेदारीबाट गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम जडिबुटी अनुसन्धान केन्द्र वा उपदफा (३) बमोजिम वनस्पति उद्यान स्थापना भएमा सोको जानकारी नेपाल सरकार तथा सम्वन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।

१५. <u>**साझेदारीमा जडिबुटी खेती गर्न सकिने:**</u> (१) प्रदेश सरकारले तोकिए बमोजिम सार्वजनिक निजी साझेदारीमा जडिबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवं बजार प्रवर्द्धन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा गरिने जडिबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले रुख नभएको वा फाट्टफुट्ट रुख भएको राष्ट्रिय वा प्रादेशिक वनको कुनै भाग कुनै ब्यक्ति, फर्म, कम्पनी वा समुदायलाई उपलब्ध गराउन सक्नेछ ।

तर त्यसरी उपलब्ध गराउँदा जडिबुटीसँग मिल्ने जातको रुख रोप्ने, हुर्काउने र बढाउने गरी शर्त तोकी सम्झौता गर्नुपर्नेछ ।

**स्पष्टिकरण**: यस दफाको प्रयोजनका लागि फाट्टफुट्ट रुख भन्नाले बीस प्रतिशत भन्दा कम छत्र घनत्व (क्राउन कभर) भएको वन क्षेत्रलाई सम्झनुपर्छ ।

१६. <u>**स्थानीय तहलाई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न दिन सकिने:**</u> (१) कुनै स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न र त्यस्तो वन पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपयुक्त देखी प्रदेश सरकार समक्ष निवेदन दिएमा प्रदेश सरकारले निर्देशकको सिफारिसमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहलाई अवधी तोकी सहमति दिन सक्नेछ ।

तर त्यसरी सहमति दिदा वनक्षेत्रको प्राकृतिक स्वरुप र रुख विरुवा र बन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा सहमती दिदा त्यस्तो क्षेत्र स्पष्ट देखिने नक्सा, बोट-विरुवा, ताल, पोखरीको स्थिति वा अन्य सो ठाउँमा भएको प्राकृतिक सम्पदाको अभिलेख राख्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सहमती दिनुपूर्व त्यहाँ रहेको रुख, बिरुवा काट्नु हटाउनु परेमा सम्वन्धित स्थानीय तहले सहमती दिने निकाय समक्ष काटेको हटाएको संख्याको दोब्बर रुख बिरुवा रोपी हुर्काउने सुनिश्चित गर्नुपर्नेछ ।

(४) यो ऐन लागु हुनुभन्दा अघि नै वन क्षेत्रमा संचालित पर्यापर्यटन कार्यक्रमका लागि यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिमको सहमती लिनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम स्थानीय तहले माग गरेको वनक्षेत्र उपभोक्ता समूहद्वारा व्यवस्थापन हुँदै आएको भएमा सम्वन्धित उपभोक्ता समूहको सहमति लिनुपर्नेछ ।

(६) स्थानीय तह र सामुदायिक वन उपभोक्ता समुहले संयुक्त रुपमा वा सहकार्य गरी सामुदायिक वनमा आधारित दीगो बिकासको अवधारणा अनुरुप पर्यापर्यटन कार्यक्रम संचालन गर्न सक्नेछ ।

१७. <u>**जोखिमयुक्त रुख हटाउने सम्वन्धी व्यवस्था**</u>: (१) वन व्यवस्थापन गरिने क्षेत्र भन्दा बाहिर रहेका सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका रुख नहटाएमा अन्य भौतिक संरचना तथा मानवीय हिसावले जोखिममा रहेको पाइएमा निर्देशकको सहमति लिई डिभिजन वन कार्यालयले हटाउन सक्नेछ ।

(२) जोखिमयुक्त रुख हटाउने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

## परिच्छेद-३

## <u>सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था</u>

१८. <u>सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनः</u> (१) वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन तथा कबुलियती वन बाहेकका अन्य राष्ट्रिय तथा प्रादेशिक वनको कुनै भागलाई डिभिजनल वन अधिकृतले सिमाङ्कन गरी नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत एकीकृत वा प्रदेशगत रणनीतिक योजनाको अधीनमा रही सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

(२) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनको लागि डिभिजनल वन अधिकृतले सहभागितामूलक रुपमा आफ्नो कार्य क्षेत्र भित्रको प्रादेशिक वनको वन व्यवस्थापन कार्ययोजना वनाई स्वीकृतिका लागि निर्देशनालय समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले त्यस्तो कार्ययोजना सुझाव सहित डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित निर्देशनालयमा पठाएपछि त्यस्तो कार्ययोजना निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्नेछ।

(४) सरकारद्वारा व्यवस्थित वनमा लागू गरिएको रणनीतिक योजनाले निर्दिष्ट गरेका कार्य बाहेक अन्य कुनै कार्य गर्न पाइने छैन।

तर मन्त्रालयबाट लागू गरिएको रणनीतिक योजनाको अधीनमा रही वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न बाधा परेको मानिने छैन।

(५) सरकारद्वारा व्यवस्थित वनको वन पैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

(६) सरकारद्वारा व्यवस्थित वनको संरक्षण, विकास र सदुपयोग सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था</u>

१९. <u>वन संरक्षण क्षेत्रको व्यवस्थापनः</u> (१) नेपाल सरकारले प्रदेश सरकारको परामर्शमा वनेको एकीकृत वा प्रदेश सरकारले आफै वनाएको प्रदेशगत रणनीतिक योजना बमोजिम प्रादेशिक वनको कुनै भागलाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा भएको संरक्षण क्षेत्रको व्यवस्थापनका लागि सम्वन्धित डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सम्वन्धित डिभिजन वन कार्यालयले गर्नेछ।

(४) वन संरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभांशको बाँडफाँड संघीय वन ऐनको दफा १६ को उपदफा (३) बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.

(५) यो ऐन प्रारम्भ हुँदाका वखत प्रदेश भित्र कायम रहेका संरक्षित वनहरु यो ऐन प्रारम्भ भएपछि स्वतः वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ र त्यसरी वन संरक्षण क्षेत्र रुपान्तरण हुँदा यो ऐन प्रारम्भ भएको बखत कायम रहेको वन व्यवस्थापन पद्धतिमा प्रतिकूल असर परेको मानिने छैन।

(६) वन संरक्षण क्षेत्र सम्वन्धी अन्य व्यवस्था संघीय वन ऐन तथा एकीकृत वा प्रादेशिक रणनीतिक योजनामा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## साझेदारी वन सम्वन्धी व्यवस्था

२०. **साझेदारी वनः** प्रदेश सरकारले देहायका उद्देश्यको लागि डिभिजनल वन अधिकृतको सिफारिसमा सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गर्न सक्नेछः-

(क) वनको विकास र दीगो व्यवस्थापन गरी स्थानीय तथा प्रादेशिक अर्थतन्त्रमा टेवा पुऱ्याउन,

(ख) वन क्षेत्रबाट टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न,

(ग) वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न,

(घ) जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न,

(ङ) स्थानीय जनताको जिविकोपार्जनमा सुधार ल्याउन।

२१. **साझेदारी वनको कार्ययोजनाः** (१) साझेदारी वनको व्यवस्थापनको लागि तोकिए बमोजिम स्थानीय तह तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजना लागू गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र दफा २२ बमोजिमको साझेदारी वन उपभोक्ता समूहको हुनेछ।

(३) उपदफा (१) बमोजिमका साझेदारले कार्ययोजना बमोजिम कार्य संचालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा डिभिजनल वन अधिकृतको सिफारिसमा निर्देशनालयले त्यस्तो साझेदारी वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ र त्यस्तो वन स्वतः सरकारद्वारा व्यवस्थित वनको रुपमा रुपान्तरित हुनेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी साझेदारी वन फिर्ता लिने निर्णय गर्नुअघि उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(४) उपदफा (३) बमोजिम निर्देशकले गरेको निर्णय चित्त नबुझेमा सम्बन्धित समुहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र मन्त्रालय समक्ष पुनरावेदन गर्नसक्नेछ ।मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(५) उपदफा (३) बमोजिम कुनै साझेदारी वन फिर्ता लिने गरी भएको निर्णय उपर उपदफा (४) बमोजिम उजुरी परी मन्त्रालयबाट त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै साझेदारी उपभोक्ता समूहमध्येवाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ।

२२. <u>उपभोक्ता समूह गठन गरिने:</u> (१) साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्थापन गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको व्यवस्थापन र उपयोग गर्न साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने सम्वन्धित परम्परागत उपभोक्ताले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् र त्यस्तो उपभोक्ता समूहको गठन, काम, कर्तब्य र अधिकार तथा सञ्चालन तोकिए बमोजिम हुनेछ।

(२) साझेदारी वनको संरक्षण तथा व्यवस्थापन गर्न प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयका आधारमा थप आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) कार्ययोजनामा व्यवस्था गरी समूहले साझेदारी वन क्षेत्रमा तोकिए बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२३. <u>साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरण:</u> (१) साझेदारी वनबाट उत्पादित काठ, दाउरा र गैह्रकाष्ठ वन पैदावारको बाँडफाड तोकिए बमोजिम हुनेछ।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट सो समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूहबाहिर पठाउने गरी छुट्याउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको वन पैदावार आन्तरिक खपत र समूह वाहिर पठाउने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकममध्ये कम्तीमा चालिस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्वन्धीत स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको क्षेत्रभित्र सम्बन्धित स्थानीय तहसँग समन्वय गरी समुदायको हितमा खर्च गर्न सकिनेछ।

## परिच्छेद-६

## <u>सामुदायिक वन सम्बन्धी व्यवस्था</u>

२४. <u>सामुदायिक वनको व्यवस्थापन:</u> (१) वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी राष्ट्रिय तथा प्रादेशिक वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थित गर्न चाहेमा दफा ३८ बमोजिम गठन भएको उपभोक्ता समूहले कार्ययोजना र विधान वनाई सम्वन्धित स्थानीय तहको वा वडाको सिफारिस सहित डिभिजनल वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले पेश गरेको कार्ययोजना र विधान उपयुक्त देखिएमा डिभिजनल वन अधिकृतले स्वीकृत गरी तोकिए बमोजिमको ढाँचामा वन हस्तान्तरण



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

सम्वन्धी प्रमाणपत्र दिनु पर्नेछ र स्वीकृत कार्ययोजनाको एक एक प्रति सम्बन्धित समुह, स्थानीय तह र निर्देशनालयमा पठाउनु पर्नेछ।

(३) वन हस्तान्तरण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) को प्रयोजनको लागि डिभिजनल वन कार्यालयले उपभोक्ताको सहभागितामा उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) सामुदायिक वनको कार्ययोजनाको अवधि वनको अवस्था हेरी कम्तिमा पाँच बर्ष र बढीमा दश बर्षको हुनेछ।

(६) प्रत्येक सामुदायिक वनमा सम्बन्धित पालिकाका वडाका वडाध्यक्ष वा सम्बन्धित पालिकाले तोकेको प्रतिनिधि सल्लाहकार रहने छ।

२५. <u>कार्ययोजनामा संशोधनः</u> (१) उपभोक्ता समूहको चाहाना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन उपभोक्ता समूहले सम्वन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ। त्यसरी संशोधन गरेको कार्ययोजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समूहले डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्ययोजनाको अवधि दुई वर्ष नपुगी संशोधन गरिने छैन।

तर विशेष अवस्थामा निर्देशकको सहमति लिई दुई वर्ष अगावै कार्ययोजना संशोधन गर्न वाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिम उपभोक्ता समूहले बनाएको कार्ययोजना वा त्यस्तो कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो कार्ययोजना वा त्यस्तो संशोधनको जानकारी पाएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो कार्ययोजना वा संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम डिभिजनल वन अधिकृतले दिएको निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिमको कार्ययोजना संशोधन गर्न उपभोक्ता समूहले अनुरोध गरेमा डिभिजनल वन अधिकृतले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

२६. <u>सामुदायिक वन फिर्ता लिन सकिनेः</u> (१) दफा २४ बमोजिम व्यवस्थापन गरिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा वा पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र निर्देशक समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम उजूरी परेमा निर्देशकले तिन महिना भित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

(४) उपदफा (१) बमोजिम कुनै सामुदायिक वन फिर्ता लिने गरी भएको निर्णय उपर सोही उपदफा (२) बमोजिम उजुरी परी उपदफा (३) बमोजिम निर्देशकले निर्णय गर्दा त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै उपभोक्ता समूहमध्येवाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको निर्णय उपर उपदफा (२) बमोजिम उजुर नपरेमा वा त्यस्तो उजुर परी सो निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा २४ बमोजिमको प्रकृया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्न यो दफाले कुनै वाधा पर्ने छैन।

२७. **कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनको उपभोक्ता समूहका पदाधिकारीले समुदायको हितका नाममा विधान र कार्ययोजना विपरीत हुने कुनै काम कारवाही गरेमानिजलाई सम्वन्धित उपभोक्ता समूहले विधान र कार्ययोजना बमोजिम जरिवाना गर्नेछ र त्यस्तो कामबाट कुनै हानी नोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गरिने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह आफैले कारबाही गर्न नसकेमा सो समूहले कारबाहीको लागि डिभिजनल वन अधिकृत समक्ष सिफारिस गर्न सक्नेछ र यसरी सिफारिस भई आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचवुझ गरी त्यस्तो जरिवाना गर्नेछ।

(३) उपदफा (१) बमोजिम जरिवाना गरेको कारणले मात्र त्यस्तो समूहको पदाधिकारीलाई प्रचलित कानून बमोजिम अन्य कारबाही गर्न बाधा पुर्‍याएको मानिने छैन।

२८. **सामुदायिक वनको आम्दानीको व्यवस्थापनः** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास सीपमुलक र आय आर्जनमुलक तालिम संचालन कार्यमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी समूहको हितका लागि गरिने सामाजिक वा भौतिक विकासको कार्यमा प्रयोग गरिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनले प्राप्त गरेको आम्दानीमा प्रचलित कानून बमोजिम कर, शुल्क, दस्तुर लाग्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

२९. **सहयोग लिन सक्ने:** यस परिच्छेद बमोजिमको कार्य गर्नका लागि उपभोक्ता समूहले सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग लिन सक्नेछन् तर त्यस्तो सहयोग लिनुपूर्व डिभिजनल वन अधिकृतको स्वीकृति लिनुपर्नेछ।

३०. **सामुदायिक वनको चक्लाबन्दी ब्यवस्थापन:** (१) दुई वा दुई भन्दा बढी सामुदायिक वनलाई उपभोक्ता समूहको सहमतिमा एकत्रित गरी संयुक्त वन कार्ययोजना बनाई वन सम्वर्द्धन प्रणालीमा आधारित रहेर चक्लाबन्दी रुपमा व्यवस्थापन गर्न सकिनेछ।

(२) ठूलो वन क्षेत्र र छरिएको वस्तीका कारण व्यवस्थापन गर्न कठिन भएका सात सय पचास हेक्टर भन्दा बढी क्षेत्रफल भएका सामुदायिक वनलाई स्थानीय समुदायको अनुरोधमा टुक्र्याउन सकिनेछ।

(३) सामुदायिक वनको चक्लाबन्दी सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ७

## कबुलियती वन सम्बन्धी व्यवस्था

३१. **व्यवसायिक कबुलियती वन सम्वन्धी व्यवस्था:** व्यवसायिक कबुलियती वन सम्वन्धी व्यवस्था संघीय वन ऐन र तोकिए बमोजिम हुनेछ।

३२. **कबुलियती वन प्रदान गर्ने:** (१) डिभिजनल वन अधिकृतले राष्ट्रिय वा प्रादेशिक वनको कुनै भाग आय आर्जन हुने तथा वनको संरक्षण र विकास हुने कार्यक्रमहरू सञ्चालन गरी गरिबीका रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरणका लागि निश्चित कार्ययोजनाका आधारमा तोकिए बमोजिम सम्झौता गरी तोकिए बमोजिमको अवधिको लागि कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दाका बखत रहेका रुखहरुको स्वामित्व प्रदेश सरकारको हुनेछ र त्यस्तो रुखहरुको संरक्षण गरे वापत सो बाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिइनेछ।

(३) कबुलियती वन प्राप्त गरेपछि कार्ययोजना बमोजिम गर्न लगाई हुर्काएको रुखहरुको स्वामित्व समूहको हुनेछ र कार्ययोजनामा उल्लेख गरे बमोजिम उपयोग गर्न सक्नेछ।

३३. **कबुलियती वन फिर्ता लिन सक्ने:** (१) यस ऐन बमोजिम प्रदान गरिएको कबुलियती वनमा सम्झौताको पक्ष वा अन्य कसैले कार्ययोजना विपरितका कुनै काम गरेमा वा वनमा हानी नोक्सानी पुर्‍याउने कार्य गरेमा डिभिजनल वन अधिकृतले त्यस्तो कबुलियती वन तोकिए बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ र त्यस्तो हानी नोक्सानी जस्ता कार्य गर्ने व्यक्ति, संघसंस्था वा समुदायलाई अन्य राष्ट्रिय वनमा कसूर गरे सरह सजायको लागि सम्वन्धित अधिकारी समक्ष लेखी पठाउनेछ।

तर त्यसरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नु अघि सम्वन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) दफा ३२ बमोजिम प्रदान गरिएको कबुलियती वन डिभिजनल वन अधिकृतले फिर्ता लिने गरी गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको पैतिस दिन भित्रमा निर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजुरीको सम्वन्धमा निर्देशकले तिन महिना भित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय वन ऐन बमोजिम प्रदान गरिएको कबुलियती वन फिर्ता लिने सम्वन्धी ब्यवस्था संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम हुनेछ।

## परिच्छेद-८

## धार्मिक वन सम्बन्धी व्यवस्था

३४. **धार्मिक वन सुम्पन सकिने:** (१) डिभिजनल वन अधिकृतले परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरिपरिको राष्ट्रिय तथा प्रादेशिक वन दफा ३५ बमोजिमको कार्ययोजना स्वीकृत गरी धार्मिक वनको रुपमा संरक्षण गर्नको लागि जिम्मा दिन सक्नेछ।

तर यस उपदफा बमोजिम जिम्मा दिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम धार्मिक वन सुम्पदा उपभोक्ताको परम्परागत हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले सुम्पिएको वन वा त्यसको कुनै भाग धार्मिक निकाय, समूह वा समुदायले पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पन पाइने छैन।

३५. **धार्मिक वनको कार्ययोजना:** (१) यस ऐन बमोजिमको प्रयोजनका लागि कानून बमोजिम दर्ता भएको कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलेको कार्ययोजना सहित डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) धार्मिक वनमा कार्ययोजनामा उल्लेखित बाहेक कुनै पनि कार्य गर्न पाइने छैन। साथै धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका धार्मिक धरोहर तथा सम्पदाको मर्मत, सम्भार र जिर्णोदार गर्न र धार्मिक वनको संरक्षणको लागि आबश्यक बाहेक कुनै पनि किसिमको भौतिक संरचना निर्माण गर्न पाइने छैन र त्यसरी कुनै कारणवस भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ।

३६. **धार्मिक वनको वन पैदावारको उपयोग:** (१) धार्मिक वनमा रहेका वनपैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका सोही धार्मिक स्थलमा हुने धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न वा कुनै भौतिक पूर्बाधार निर्माण गर्न पाइने छैन।

तर धार्मिक, पुरातात्विक तथा ऐतिहासिक महत्वका धार्मिक धरोहर तथा सम्पदाको मर्मत तथा सम्भार जिर्णोदार गर्न भने रोकिने छैन।

(३) धार्मिक वन क्षेत्रमा कुनै विकास आयोजना निर्माण तथा संचालनको क्रममा संकलन भएको वन पैदावारवा कुनै प्राकृतिक विपत्ति वा अन्य कारणबाट धार्मिक वनमा भएको रुखहरु सुकेमा वा ढलेमा सम्वन्धित धार्मिक निकाय, संस्था, समूह र स्थानीय तहसँग समन्वय गरी डिभिजनल वन अधिकृतले त्यस्ता रुखहरु सङ्कलन गरी आएका वनपैदावार मध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वनपैदावार सम्बन्धित धार्मिक निकायलाई हस्तान्तरण गरी बाँकी रहेको वनपैदावार तोकिए बमोजिम बिक्री वितरण गर्न सक्नेछ।

(४) धार्मिक वन क्षेत्रमा उपदफा (३) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजन वन कार्यालय सम्वन्धित धार्मिक निकाय, संस्था वा समूह र सम्वन्धित स्थानीय तहको समन्वयमा बिक्री वितरण गर्न सकिनेछ र त्यसरी बिक्री वितरणबाट प्राप्त आम्दानी प्रदेश संचित कोषमा जम्मा गरिनेछ।

३७. **<u>धार्मिक वन फिर्ता लिन सकिने</u>:** (१) दफा ३४ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ३६ मा उल्लेख भएविपरीतको कार्य गरेमा वा स्वीकृत कार्ययोजना बमोजिम धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्त पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्नसक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नवुझ्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायले सूचना पाएको मितिले पैतिस दिनभित्र निर्देशक समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजूरीमा निर्देशकले तीन महिना भित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-९

## <u>उपभोक्ता समूहको गठन सम्बन्धी व्यवस्था</u>

३८. **<u>उपभोक्ता समूहको गठन</u>:** (१) सामुहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले यस ऐनमा व्यवस्था भए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि विधान तयार गर्न उपभोक्ता समूहबाट माग भई आएमा डिभिजनल वन अधिकृतले सहयोगका लागि प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(३) उपभोक्ता समूहका पदाधिकारी प्रचलित कानून बमोजिमको सार्वजनिक पद धारण गरेको व्यक्ति मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३९. <u>उपभोक्ता समूहको दर्ता:</u> (१) दफा ३८ बमोजिम गठन गरिएको वन उपभोक्ता समूह दर्ता गर्न समूहको विधान तथा कार्ययोजना र सम्बन्धित स्थानीय तहको सिफारिस सहित डिभिजनल वन कार्यालय समक्ष तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम र यस अघि वन ऐन, २०४९ अन्तर्गत दर्ता भएका समूहहरुको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले अद्यावधिक गरी निर्देशनालय र सम्बन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ र त्यस्तो उपभोक्ता समूहको अद्यावधिक गर्दा अपनाउने प्रकृया तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको उपभोक्ता समूहमा तोकिएको वन क्षेत्र नजिक रही अन्य वनको उपभोक्ता समूहमा सदस्य नरहेका ब्यक्तिले सदस्यता लिन चाहेमा यो ऐन, नियमावली र कार्ययोजना बमोजिमको प्रकृया पुरा गरी सदस्य हुन पाउने छ।

४०. <u>उपभोक्ता समूह सङ्गठित संस्था हुने:</u> (१) दफा ३८ बमोजिम गठित उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित तर गैह्रनाफामूलक संगठित संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्नसक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

४१. <u>उपभोक्ता समूहको कोष:</u> (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(घ) उपभोक्ता समूहको सदस्यता शुल्क र जरिवानाबाट प्राप्त रकम,

(ङ) कार्ययोजना बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु वा वन डढेलो नियन्त्रण वा वन व्यवस्थापन गर्ने क्रममा त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ।

(५) उपभोक्ता समूहले उदपफा (१) बमोजिमको कोषबाट गर्ने आर्थिक कारोवारमा प्रति महिना रु. पचाँस हजार भन्दा माथिको कारोवार बैङ्किङ प्रणालीबाट मात्र गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

४२. **वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) उपभोक्ता समूहले तोकिए बमोजिमको प्रक्रिया अबलम्वन गरी मन्त्रालयले तोकिदिएको स्वीकृत मापदण्डका आधारमा वनको क्षमता निर्धारण गरी बनाएको कार्ययोजना डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम संचालन गर्दा उपभोक्ता समूहले स्थानीय तह वा संघसंस्था वा निजी क्षेत्र वा सहकारी सँगको साझेदारी गर्न सक्नेछ।

तर यस उपदफामा उल्लेखित कार्यक्रम साझेदारीमा सञ्चालन गरेका कारणले मात्र उपभोक्ता समूहको उत्तरदायित्व हस्तान्तरण भएको मानिने छैन।

(३) उपभोक्ता समूहले आफूले व्यवस्थापन गरेको वनबाट उत्पादित वन पैदावारमा आधारित उद्यम संचालन गर्न चाहेमा तोकिए बमोजिमको मापदण्ड पुरा गरी उपभोक्ता समूहको तोकिए बमोजिमको क्षेत्र भित्र आवश्यक वातावरणीय अध्ययन गराउनु पर्ने देखिएमा सो समेत गराई वन पैदावारमा आधारित उद्यम संचालन गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पर्यापर्यटन कार्यक्रम सञ्चालनको क्रममा प्रचलित कानून र वन कार्ययोजना विपरीत भौतिक पूर्वाधार निर्माण गरी वन क्षेत्रको भू उपयोग परिवर्तन गर्ने, गराउने समूह वा संघसंस्थालाई यस ऐन वा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(५) उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनको लागि गरिबीको रेखामुनिका उपभोक्ताको समूहलाई कार्ययोजना वनाई सामुदायिक वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी कवुलियती वनको रुपमा दिन सक्नेछ । त्यस्तो कार्ययोजना कार्यान्वयन गर्नु अघि सम्वन्धित स्थानीय तहको सहमतीमा डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(६) वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनको लागि इजाजत दिने तथा त्यस्तो कार्यक्रम सञ्चालन गर्ने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **प्रतिवेदन दिनु पर्नेः** (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको स्थिति समेत खुलाई आफ्ना क्रियाकलापको वार्षिक प्रतिवेदन सम्वन्धित स्थानीय तह र डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनहरुको आधारमा सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## परिच्छेद-१०

## निजी तथा सार्वजनिक जगगामा वन विकास सम्बन्धी व्यवस्था

४४. **निजी वनको दर्ता तथा व्यवस्थापन सम्वन्धी व्यवस्था:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि सम्वन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन परेमा आवश्यक जाँचवुझ गरी सम्वन्धित स्थानीय तहले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ र सम्वन्धित स्थानीय तहले डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयमा दर्ता गरेको निजी वनको तोकिए बमोजिमको विवरण समेत पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गरेको निजी वनको विवरण सम्वन्धित स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नुपर्नेछ।

(३) यसअघि प्रचलित कानून बमोजिम दर्ता भएको निजी वन धनीले पनि यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम निवेदन दिनु पर्नेछ।

(४) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(५) निजी वन तथा वनपैदावार उपयोग सम्बन्धमा विवाद परेमा सम्बन्धित स्थानीय तहको न्यायीक समितिले प्रचलित कानून बमोजिमको प्रकृया अपनाई निरुपण गर्नेछ।

(६) कसैले आफ्नो निजी वनको नाममा प्रादेशिक वन हानि नोक्सानी गरेमा वा वन क्षेत्र अनाधिकृत रुपमा कब्जा गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

४५. **निजी वनको वन पैदावार ओसारपसार र व्यवस्थापन:** (१) निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वनपैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) व्यवसायीक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको कटान, संकलन तथा ओसारपसार गर्नु परेमा सम्वन्धित स्थानीय तहबाट र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको संकलन तथा ओसारपसार गर्नु परेमा संकलन वा ओसारपसार गर्न चाहेको काठको प्रजाती र परिणामको विवरण खुल्ने गरी सम्वन्धित डिभिजन वा सव डिभिजन वन कार्यालयमा तोकिए बमोजिम निवेदन दिनुपर्नेछ र त्यसरी निवेदन परेको पन्ध्र दिन भित्र आवश्यक जाँचबुझ गरी सम्वन्धित डिभिजन/सव डिभिजन वन कार्यालयले स्वीकृति दिनु पर्नेछ।

(३) घरायसी प्रयोजनको लागि कुनै जिल्लाभित्रको एक स्थानीय तहवाट अर्को स्थानीय तहमा वन पैदावारको संकलन तथा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट संकलन वा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार संकलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट संकलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन/सव डिभिजन वन कार्यालयमा तोकिए बमोजिम निवेदन दिनुपर्नेछ र त्यस्तो निवेदन परेपछि आवश्यक जाँचबुझ गरी पन्ध्र दिन भित्र सम्वन्धित डिभिजन/सव डिभिजन वन कार्यालयले स्वीकृति दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

तर एउटै स्थानीय तहभित्र निजी नम्बरी जग्गा वा निजी वनबाट फलफुल र अन्य तोकिए बमोजिमको जातको रुखबाट उत्पादित काठ दाउरा घरायसी प्रयोजनको लागि कटान, मुछान, ओसारपसार, चिरान र प्रयोगमा कुनै पनि निकायबाट कटान आदेश वा चिरान आदेश वा स्थानान्तरण इजाजत लिनुपर्ने छैन। त्यसरी उत्पादित काठ दाउरा गैह्र कानूनी रुपमा कटान, मुछान, ओसारपसार, चिरान वा प्रयोग गरेको भनी उजूरी परेमा सम्वन्धित सव-डिभिजन वन कार्यालयले जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निजी नम्बरी जग्गा वा निजी वनबाट नै उत्पादन गरेको ठहरेमा यही विषयलाई लिएर कुनै निकायमा मुद्दा चलाइने छैन र त्यस्ता काठ दाउरा सम्वन्धित धनीलाई फिर्ता दिनु पर्नेछ।

(४) निजी वनको धनीलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम प्रदेश सरकारले तोकिए बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (२) बमोजिम व्यवसायिक प्रयोजनका लागि निजी वनपैदावार बिक्री गर्दा प्रचलित कानून वा तोकिए बमोजिम कर, दस्तुर लाग्नेछ।

(६) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले निजी नम्बरी जग्गा वा निजी वन भित्र प्रचलित कानून बमोजिम कृषी वन वा जडिवुटी खेती गर्नु परेमा सम्वन्धित सव डिभिजन वन कार्यालयको सिफारिस सहित सम्वन्धित स्थानीय तहमा तोकिए बमोजिम निवेदन दिई अनुमती लिनुपर्नेछ र त्यस्तो अनुमती प्राप्त गरेको तिस दिन भित्र सम्पूर्ण विवरण सहित सम्वन्धित स्थानीय तह र डिभिजन/सव डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम डिभिजन/सव डिभिजन वन कार्यालयमा पेश गरेको विवरणका आधारमा निजी वन धनीले गरेको त्यस्तो कार्य गैह्र कानूनी देखिएमा डिभिजन/सव डिभिजन वन कार्यालयले रोक्न आदेश दिन सक्नेछ।

४६. <u>निजी वन धनीलाई सहुलियत:</u>(१) निजी वनका धनीलाई निजी वन लगाउन, हुर्काउन, सिंचाईको व्यवस्थापन गर्न, रोग, किरा आदिको उपचार गर्न लाग्ने खर्चमा प्रदेश सरकारले उत्प्रेरणात्मक सहयोग स्वरुप विशेष सुविधा, छुट, विमा लगायतका तोकिए बमोजिमको आर्थिक र प्राविधिक सहुलियत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहुलियतका लागि प्रदेश सरकारले सहकारी, संघ संस्था, निजी क्षेत्र, वित्तिय संस्था तथा स्थानीय तहसँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ।

४७. <u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था:</u> (१) स्थानीय तहले यस ऐनको अधिनमा रही कुनै सरकारी वा गैह्र सरकारी निकाय वा व्यक्ति सँगको साझेदारीमा सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वनपैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा सम्वन्धित डिभिजन वा सव डिभिजन वन कार्यालयलाई तोकिए बमोजिम जानकारी गराउनु पर्नेछ।

(३) डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले स्थानीय तहलाई उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४) सडक, नहर र बाटो किनारामा लगाइएको तथा बाटोमा छहारी परी प्रतिकूल असर पार्ने रुख र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुख तोकिए बमोजिमको कार्यविधि पूरा गरी स्थानीय तहले काट्न वा हटाउन सक्नेछ र त्यसरी हटाइएमा तोकिए बमोजिम डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयलाई सोको जानकारी गराउनु पर्नेछ।

४८. <u>सहरी वनको विकास र व्यवस्थापनः</u> (१) स्थानीय तहले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार सम्वन्धित स्थानीय तहले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ।

## परिच्छेद - ११

## <u>बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था</u>

४९. <u>हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्ने</u> : (१) नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएका सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठको स्वामित्व प्रदेश सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिमको काठको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५०. <u>हकदावी उपर कारबाहीः</u> (१) दफा ४९ बमोजिमको बेबारिसी वा दरिया बुर्दी अवस्थामा रहेको काठको स्वामित्व रहेको प्रमाण सहित कसैले डिभिजनल वन कार्यालय समक्ष माग गरेमा र सो सम्वन्धमा त्यस्तो व्यक्तिको हकदाबी पुग्ने देखिएमा त्यस्तो काठ निजलाई हस्तान्तरण गरिनेछ र सोको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ।

(२) बेबारिसी वा दरिया बुर्दी काठको हकदाबी तथा सो उपरको कारबाही सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१२

## <u>विकास आयोजना सम्बन्धी व्यवस्था</u>

५१. <u>वन क्षेत्रको प्रयोग सम्वन्धी व्यवस्थाः</u> (१) संघ, प्रदेश वा स्थानीय तहले राष्ट्रिय प्राथमिकता प्राप्त कुनै विकास आयोजना संचालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षणवाट त्यस्तो योजना संचालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा आयोजना संचालन गर्न वन क्षेत्रको जग्गा प्राप्त गर्नका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिमको अनुरोधमा प्रदेश सरकार मार्फत नेपाल सरकारबाट जग्गा प्राप्त गर्ने स्वीकृति प्राप्त भएमा आयोजना संचालकले त्यस्तो वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम वन क्षेत्रको जग्गा उपयोग गर्न दिए वापत आयोजना संचालकवाट प्राप्त रकम संघीय वन ऐन बमोजिम स्थापित वन कोषमा जम्मा हुनेछ।

(४) उपदफा (१) बमोजिम वनको कुनै भाग प्रयोग  गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानी नोक्सानी हुने भएमा प्रचलित कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था गरिदिनु पर्नेछ।

५२. <u>**खनिज पदार्थको अध्ययन, अन्वेषण कार्यका लागि वन क्षेत्र प्रयोग गर्न सक्नेः**</u> (१) प्रादेशिक वनभित्र खनिज पदार्थ भए नभएको खोजतलास गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

तर राष्ट्रिय प्राथमिकता प्राप्त विकास योजना, लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र संघीय वन ऐनमा तोकिएको खनिज पदार्थ बाहेक वनक्षेत्रबाट अन्य खनिजजन्य वन पैदावार अन्वेषणबाट पत्ता लागे पनि उत्खनन् गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम वन क्षेत्रको प्रयोग गर्न स्वीकृति दिँदा कुनै ब्यक्ति वा समुदाय वा वातावरणलाई हानी नोक्सानी हुने भएमा अन्वेषण वा उत्खनन् वा व्यवस्थापनकर्ताले तत्सम्वन्धमा उपयुक्त ब्यवस्था गर्नु पर्नेछ।

(३) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्रको खनिज पदार्थको अध्ययन अन्वेषणको अनुमती सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१३

## <u>वन्यजन्तु, चराचुरुङ्गी संरक्षण तथा वनस्पति सम्बन्धी व्यवस्था</u>

५३. <u>**जैविक मार्ग तोक्न सक्नेः**</u> (१) प्रदेश सरकारले आवश्यक ठानेमा प्रादेशिक वनको कुनै क्षेत्रलाई सार्वजनिक सूचना प्रकाशित गरी जैविक मार्ग घोषणा गर्न सक्नेछ।

(२) जैविक मार्गको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. <u>**कृषिका निमित्त द्वन्द्वग्रस्त वन्यजन्तु घोषणा गर्न सकिनेः**</u> (१) नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले कुनै खास क्षेत्रमा खास समयका लागि प्रचलित प्रादेशिक निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु, चराचुरुङ्गी तथा पंक्षीलाई सार्वजनिक सूचना प्रकाशित गरी कृषिको निमित्त समस्याग्रस्त वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी समस्याग्रस्त घोषणा गरिएका वन्यजन्तु तथा पंक्षीहरुलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधिनमा रही खेत, खला, बारीमा विना अनुमती लखेट्न, धपाउन, पक्रन सकिनेछ।त्यस्ता वन्यजन्तुहरु लाई मार्न वा अन्य आवश्यक व्यवस्था गर्नु परेमा तोकिए बमोजिम प्रदेश सरकारको अनुमती लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको वा प्रदेश सरकारको अनुमतिमा मारिएको कुनै वन्यजन्तु तत्काल नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ।

५५. <u>चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न सकिने:</u> (१) कुनै संस्था, निकाय वा स्थानीय तह, समुदायले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण तथा अध्ययन, अनुसन्धानका लागि तथा उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि तोकिए बमोजिम चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा विशेष आरक्षण गरिने वन्यजन्तु राख्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा प्राप्त वन्यजन्तुको संरक्षण हुन सक्ने वासस्थान, आहार र उपचारको ग्यारेण्टी भएको हुनुपर्नेछ।

(४) यस दफा बमोजिम अनुमती नलिई चिडियाखानाको रुपमा सञ्चालन गरेका चिडियाखाना वा प्राणी उद्यानले तोकिए बमोजिम अनुमती लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको न्युनतम मापदण्ड समेत पूरा गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिमको अनुमती नलिई वा उपदफा (५) बमोजिमको न्युनतम मापदण्ड पूरा नगरी चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ।

५६. <u>वन्यजन्तुबाट हुने क्षति वापत राहत दिइने:</u> प्रदेशभित्रको प्रादेशिक वन क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पीडितलाई तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ।

५७. <u>वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिने:</u> (१) कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयबाट तोकिए बमोजिम अनुमती लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य गर्ने नाममा कुनै पनि व्यक्ति वा निकायले अन्य वन्यजन्तुको प्रचलित कानून विपरित राख्ने वा अवैध व्यापार गर्न पाइने छैन । यसरी सो कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५८. <u>वनस्पति अनुसन्धान केन्द्र स्थापना गर्न सकिने:</u>(१) प्रादेशिक तथा राष्ट्रिय वन क्षेत्रमा प्रदेश सरकारले वनस्पति अनुसन्धान केन्द्र घोषणा गरी वनस्पतिको अध्ययन र अनुसन्धान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको वनस्पति अनुसन्धान क्षेत्रको व्यवस्थापन र संचालन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## <u>परिच्छेद</u>-१४

## <u>जलाधार व्यवस्थापन सम्वन्धी व्यवस्था</u>

५९. **<u>जलाधार क्षेत्रको वर्गीकरण गर्ने:</u>** (१) जलाधारको अवस्थिति, उचाई, भिरालोपन, भू-क्षयको संवेदनशीलता, वन जङ्गलले ढाकेको क्षेत्र, पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, जनसंख्या वृद्धिदर र जलाधार क्षेत्रमा रहेको श्रोतमाथिको मानवीय चाप र प्राकृतिक प्रकोपको जोखिम समेतको आधारमा जलाधार क्षेत्रलाई निर्देशनालयले तोकिए बमोजिम वर्गीकरण गर्नसक्नेछ।

(२) डिभिजन वन कार्यालयले उपदफा (१) बमोजिम वर्गीकृत जलाधार क्षेत्रको नदी प्रणालीमा आधारित व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

६०. **<u>संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्ने:</u>** (१) प्रादेशिक वन सहितको कुनै क्षेत्र जलाधार संरक्षणका लागि आवश्यक देखेमा प्रदेश सरकारले स्थानीय तह र स्थानीय समुदायसँगको समन्वय तथा सहकार्यमा सार्वजनिक सूचना प्रकाशित गरी चार किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले सूचना प्रकाशित गरी हेरफेर गर्नसक्नेछ।

(३) संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको कार्ययोजना मन्त्रालयबाट स्वीकृत गराई लागू गराउनु पर्नेछ।

(५) कसैले पनि संरक्षित जलाधार क्षेत्रमा उपदफा (३) बमोजिम संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन पाउने छैन।

## परिच्छेद-१५

## <u>बिशेष व्यवस्था</u>

६१. **<u>सिमसार र तालतलैया सम्वन्धी व्यवस्था:</u>** (१) यस ऐन बमोजिम प्रादेशिक वन क्षेत्रभित्र पर्ने सिमसार क्षेत्र र तालतलैयामा पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, सिमसार र तालतलैया क्षेत्रमा रहेको श्रोतमाथिको मानवीय चाप र प्राकृतिक रुपमा उक्त क्षेत्रको संरक्षण र सम्बर्द्धनको आवश्यकतालाई मध्यनजर गरी त्यस्ता क्षेत्रलाई निर्देशनालयले तोकिए बमोजिम वर्गीकरण गर्नसक्नेछ।

(२) डिभिजन वन कार्यालयले उपदफा (१) बमोजिम वर्गीकृत सिमसार र तालतलैया क्षेत्रको वन पैदावार, पानी र अन्य प्राकृतिक रुपमा संरक्षण गर्न आवश्यक चिज, बस्तु र पदार्थमा आधारित तोकिए बमोजिमको व्यवस्थापन योजना तयार गरी निर्देशनालयको स्वीकृति लिई कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिमसार क्षेत्रमा तोकिए बमोजिम पर्यापर्यटन कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ।

६२. **<u>संरक्षित सिमसार र तालतलैया क्षेत्र घोषित गर्न सक्ने:</u>** (१) प्रादेशिक वन सहितको कुनै क्षेत्र सिमसार र तालतलैया संरक्षणका लागि आवश्यक देखेमा मन्त्रालयले स्थानीय तह र स्थानीय समुदायसँगको समन्वय तथा सहकार्यमा सार्वजनिक सूचना प्रकाशन गरी चार किल्ला खुलाई

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

त्यहाँ रहेका रुख विरुवाको विवरण समेत तयार गरी सिमसार वा तालतलैया क्षेत्र घोषणा गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित सिमसार र तालतलैया क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर गर्नसक्नेछ।

(३) संरक्षित सिमसार र तालतलैया क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित सिमसार र तालतलैया क्षेत्रको कार्ययोजना तयार गरी गराई मन्त्रालयबाट स्वीकृति गराई डिभिजन वन कार्यालय मार्फत लागू गर्नु गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कसैले पनि संरक्षित सिमसार र तालतलैया क्षेत्रमा संरक्षण र व्यवस्थापन गर्दारुख विरुवा तथा वन्यजन्तु नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन हुँदैन।

६३. <u>नदीजन्य पदार्थको व्यवस्थापनः</u> (१) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रबाट नदीजन्य पदार्थले वातावरण, वस्ती, खेतिपातिमा नकारात्मक प्रभाव पार्ने अवस्था पहिचान भएमा वा वन क्षेत्रभित्रको खोलानालाबाट नदीजन्य पदार्थको संकलन गर्दा एकद्वार प्रणालीबाट गरिनेछ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थको संकलन गर्न तयार पारिएको वातावरणीय अध्ययन प्रतिवेदन डिभिजन वन कार्यालयको सिफारिसमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले स्वीकृत गर्नेछ र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा औल्याएका सुझाव कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्वन्धित स्थानीय तहको हुनेछ।

(३) राष्ट्रिय वा प्रादेशिक वन क्षेत्रबाट नदीजन्य पदार्थको संकलन वा विक्री वितरण गर्नु पर्दा डिभिजन बन कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त हुनुभन्दा दुई महिना अगावै प्रचलित कानून बमोजिम वातावरणीय परीक्षण गराई सम्वन्धित डिभिजन वन कार्यालयको समन्वयमा नदीजन्य पदार्थको उत्खनन् गर्ने नदीको दुवै तर्फ पच्चीस प्रतिशत भाग छोडी वीच भागबाट मात्र उत्खनन् गर्नुपर्नेछ।

(४) संकलित नदीजन्य पदार्थको विक्री वितरणको लागि लिइने शुल्क तोकिए बमोजिम हुनेछ र त्यस्तो आय डिभिजन वन कार्यालय मार्फत प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ।

(५) वन क्षेत्रको नदीजन्य पदार्थको व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. <u>वन स्थापना र वृक्षारोपण सम्वन्धी व्यवस्थाः</u> (१) प्रदेश भित्रका शुन्य प्रतिशत वा तोकिएको मापदण्ड भन्दा कम वनक्षेत्र रहेका स्थानमा वन स्थापना गराई वनक्षेत्र वृद्धि गराउनप्रदेश सरकारले तोकिए बमोजिम कार्यक्रमहरु संचालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संचालन गर्ने कार्यक्रममा प्रदेश सरकारले लगानी, पूँजी, सिप र प्रविधिका क्षेत्रमा निजी क्षेत्र तथा स्थानीय तहसँग सहकार्य गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

६५. **<u>राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र प्रचारप्रसार सामाग्रीको प्रयोगः</u>**(१) वन क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था वा निकायले भौतिक वस्तुको प्रचारप्रसार सामग्री प्रयोग गर्दा निर्देशनालयको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) यो ऐन जारी हुनुअघि वन क्षेत्रमा राखिएका प्रचारप्रसार सामग्रीको हकमा ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्रमा निर्देशनालयमा जानकारी गराई तोकिएको अवधिभित्र तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

६६. **<u>वन क्षेत्रभित्र सवारी साधनको गति नियन्त्रण सम्वन्धी व्यवस्थाः</u>** राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र संचालनमा रहेको राजमार्ग र अन्य सडकहरुमा सडक दुर्घटनामा परी वन्यजन्तुहरुको मृत्यु हुने दरलाई न्यूनीकरण गर्न मन्त्रालयले सवारी साधनको गति सिमित गर्ने गरी सम्वन्धित निकाय मार्फत आवश्यक व्यवस्था गर्न सक्नेछ।

६७. **<u>वन क्षेत्रभित्र फोहोर फाल्न प्रतिवन्धः</u>** (१) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र कसैले पनि प्लाष्टिक वा प्लाष्टिकजन्य फोहोर वा अन्य कुनै प्रकारको फोहोर फाल्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वनक्षेत्रमा हुन सक्ने फोहोरको व्यवस्थापनका लागि सम्वन्धित स्थानीय तह, सम्वन्धित वन क्षेत्रको उपभोक्ता समूहसँग सहकार्य गरी डिभिजन वन कार्यालयले ठाउँ ठाउँमा आवश्यक व्यवस्थापन गर्नुपर्नेछ।

## परिच्छेद-१६

## <u>कसूर र सजाय तथा कसूरको जाँचबुझ र कार्यविधि सम्वन्धी व्यवस्था</u>

६८. कसूरः कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस

ऐन बमोजिको कसूर गरेको मानिनेछः-

(क) तोकिएको प्रकृया पूरा नगरी जडिबुटी अनुसन्धान केन्द्र स्थापना गराएमा,

(ख) पर्यापर्यटनको कार्यक्रम संचालन गर्दा, मन्त्रालयको स्वीकृति लिई वन क्षेत्रमा अध्ययन अनुसन्धान गर्दा प्राकृतिक स्वरुप, रुख विरुवा र वन्यजन्तुलाई प्रतिकूल प्रभाव पारेमा तथा साझेदारीमा जडिवुटी खेती गर्दा सम्झौतामा उल्लेख गरे बमोजिमको रुख रोप्ने र हुर्काउने कार्य नगरेमा,

(ग) ऐनको दफा १२ विपरितको कार्य गरेमा,

(घ) कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको धार्मिक वन वा वनको कुनै भाग पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएमा,

(ङ) उपभोक्ता समूहले तोकिएको अवधिमा वार्षिक प्रतिवेदन सम्वन्धित निकायलाई नबुझाएमा,

(च) अधिकार प्राप्त अधिकारीको अनुमती नलिई चिडियाखाना वा प्राणी उद्यान संचालन गरेमा,

(छ) कसैलेसंरक्षित वा लोपोन्मुख भनि किटान गरिएका वन्यजन्तु तथा पंक्षीलाई लखेट्ने, धपाउने, पक्रने, मार्ने गरेमा,

तर जीउ धनको रक्षाका लागि तत्काल घटित घटना भएमा दण्डनीय हुने छैन।

(ज) दफा ५७ बमोजिम स्थापित उद्धार केन्द्रको वन्यजन्तु तथा पंक्षी मार्ने, घाइते पार्ने वा कसैले अवैध ब्यापार गरेमा,

(झ) संरक्षित जलाधार क्षेत्रमा संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नासे, मासे, विगारे वा हेरफेर गरेमा,

(ञ) राष्ट्रिय तथा प्रादेशिक वन फाँड्ने वा वनक्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज कार्य उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय संचालन गर्ने वा अतिक्रमण गर्ने काम गरे वा गराएमा,

(ट) राष्ट्रिय वा प्रादेशिक वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा,

(ठ) निषेध गरिएको वन क्षेत्रभित्र चौपाया प्रवेश गराएमा वा चराएमा,

(ड) दफा ९ बमोजिम निषेध गरिएको क्षेत्रमा प्रवेश गरेमा,

(ढ) राष्ट्रिय तथा प्रादेशिक वनक्षेत्रबाट वन पैदावार हटाउने, ओसारपसार वा विक्री वितरण गर्ने वा घाटगद्दीमा राखेको वन पैदावार हटाउने वा चोरी गर्ने काम गरेमा,

(ण) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रको रुख वा बिरुवा काट्ने, खोटो वा बोक्रा झिक्ने वा कुनै पनि प्रकारले नोक्सानी गरेमा,

(त) इजाजत प्राप्त राष्ट्रिय तथा प्रादेशिक वनबाट रुख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा लापरबाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गरेमा,

(थ) विना अनुमती वन क्षेत्रबाट बग्ने नदीबाट नदीजन्य पदार्थ निकाल्ने,गोल वा चून पोल्ने वा यी वस्तुहरुबाट अरु तयारी माल बनाउने वा संकलन गर्ने र खनिज पदार्थ निकाल्ने वा संकलन गर्ने तथा विक्री वितरण गर्ने काम गरेमा,

(द) वन पैदावार लिन पाएको पूर्जीको शर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गरेमा,

(ध) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गरेमा वा विदेश निकासी गर्ने उद्योग गरेमा,

(न) वन सिमाना चिन्ह उखेल्ने, सार्ने, फेर्ने, मेट्ने वा बिगार्ने काम गरेमा,

(प) टाँचा वा निसाना कीर्ते गर्ने वा काठ वा खडा रुखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्ने, बिगार्ने वा मेट्ने गरेमा,

(फ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका विरुवा काट्ने, भाँच्ने, उखेल्ने वा अरु कुनै प्रकारले नोक्सान गरेमा,

(ब) नर्सरी वा वृक्षारोपण गरिएका क्षेत्रका खम्बा, तारका वार वा त्यस्ता अरु सम्पत्ति बिगारे वा चोरी गरेमा,

(भ) शिकार खेल्ने, वन्यजन्तुको आखेटोपहार राख्ने, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने काम गरेमा,

(म) वन पैदावारमा आधारित उद्योगले प्रचलित कानून विपरित वन पैदावार राखेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(य) उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले समूहको हितको नाममा कोषको रकम हिनामिना गर्ने र त्यस्तो समूहको विधान तथा कार्ययोजना विपरीत कुनै कार्य गरेमा,

(र) मन्त्रालयको अनुमती नलिई कुनै पनि विदेशी नागरिकले वन क्षेत्रलाई अध्ययन अनुसन्धानको लागि प्रयोग गरेमा,

(ल) निर्देशनालयको स्वीकृति नलिई वनक्षेत्रभित्र प्रचारप्रसार सामग्रीको प्रयोग गरेमा,

(व) वनक्षेत्रभित्र तोकिए भन्दा बढी गतिमा सवारी साधन चलाएमा,

(श) वनक्षेत्रभित्र प्रतिवन्धित फोहोर जथाभावी फालेमा,

(ष) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरित अन्य कुनै कार्य गरेमा,

(स) संघीय वन ऐनको दफा ५१, ५२, ५३, ५४ र ५५ बमोजिमका कसूर गरेमा ।

६९. **सजायः** दफा ६८ बमोजिम तोकिएको कसुर गर्ने वा गराउने व्यक्तिलाई पहिलो पटकका लागि देहाय बमोजिमको सजाय हुनेः-

(क) दफा ६८ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने वा गराउने व्यक्तिलाई छ महिनासम्म कैद वा छ हजार रुपैयामात्र जरिवाना वा दुवै सजाय गरी स्थापित संरचना रद्द गरिनेछ।

(ख) दफा ६८ को खण्ड (ख), र (च) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्षति भएको विगो असूल गरी एक महिनासम्म कैद वा एक हजार रुपैयामात्र जरिवाना वा दुवै सजाय हुनेछ।

(ग) दफा ६८ को खण्ड (ग) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्षति भएको विगो बमोजिमको जरीवाना गरी एक महिनासम्म कैद सजाय र दश हजार रुपैया जरिवाना हुनेछ।

(घ) दफा ६८ को खण्ड (घ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैया जरिवाना वा दुवै सजाय हुनेछ।

(ङ) दफा ६८ को खण्ड (ङ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई दश हजार रुपैया जरिवाना हुनेछ।

(च) दफा ६८ को खण्ड (छ) र (ज) अन्तर्गतको कसूर गर्नेलाई वन्यजन्तु संरक्षण सम्वन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(छ) दफा ६८ को खण्ड (झ) अन्तर्गतको कसूर गर्नेलाई जलाधार सम्वन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(ज) दफा ६८ को खण्ड (ञ) अन्तर्गतको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा वनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ। त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(झ) दफा ६८ को खण्ड (ट) अन्तर्गतको कसूर गर्नेलाई क्षति भएको विगो असूल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ञ) दफा ६८ को खण्ड (ठ) अन्तर्गतको कसूर गर्नेलाई प्रत्येक चौपायाको लागि देहायको दरले जरिबाना हुनेछः

(१) भेडा, बाख्रा जातको भए रु. एकसय मात्र,

(२) हात्ती भए रु. तीन हजार मात्र,

(३) अन्य चौपाया भए रु. पाँचसय मात्र।

(ट) दफा ६८ को खण्ड (ड) अन्तर्गतको कसूर गर्नेलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ठ) दफा ६८ को खण्ड (ढ), (ण), (त), (थ) वा (द) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्वन्धित वन पैदावार जफत गरी देहाय बमोजिमको सजाय हुनेछः

(१) एक हजार रुपैयाँसम्मको विगो भए एक हजार रुपैयाँसम्म जरिवाना,

(२) एकहजार रुपैयाँदेखि माथि पाँच हजार रुपैयाँसम्मको विगो भए एक महिनासम्म कैद वा बिगो बमोजिम जरिवाना वा दुवै,

(३) पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्मको विगो भए तीन महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(४) पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्मको बिगो भए छ महिनासम्म कैद वा बिगो बमोजिम जरिवाना वा दुवै,

(५) एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्मको बिगो भए एक बर्षसम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(६) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि दुई बर्षसम्म कैद वा बिगोको दोब्बर जरिबाना वा दुवै।

(ड) दफा ६८ को खण्ड (ध) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्वन्धित वन पैदावार जफत गरी तीन बर्षसम्म कैद वा बिगोको दोब्बर जरिबाना वा दुवै सजाय हुनेछ ।

(ढ) दफा ६८ को खण्ड (न) वा (प) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ण) दफा ६८ को खण्ड (फ) अन्तर्गतको कसूर गर्नेलाई प्रति बिरुवाको पाँच सय रुपैयाँसम्म जरिबाना हुनेछ र सोही कसूर पुनः गर्नेलाई कसूरको मात्रा अनुसार प्रत्येक पटक एक बर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(त) दफा ६८ को खण्ड (ब) अन्तर्गतको कसूर गर्नेलाई बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(थ) दफा ६८ को खण्ड (भ) अन्तर्गतको कसूर गर्नेलाई वन्यजन्तु संरक्षण सम्वन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(द) दफा ६८ को खण्ड (म) अन्तर्गतको कसूर गर्नेलाई त्यस्तो कसूरमा हुने सजायमा थप दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(ध) दफा ६८ को खण्ड (य) अन्तर्गतको कसूर गर्नेलाई बिगो भए बिगो असुल गरी एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(न) दफा ६८ को खण्ड (र) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(प) दफा ६८ को खण्ड (ल) र (व) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(फ) दफा ६८ को खण्ड (श) अन्तर्गतको कसूर गर्नेलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(ब) दफा ६८ को खण्ड (ष) अन्तर्गतको कसूर गर्नेलाई बिगो भए बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(भ) दफा ६८ को खण्ड (स) अन्तर्गतको कसूरमा संघीय वन ऐनमा भएको ब्यवस्था बमोजिम सजाय हुनेछ।

(म) माथि जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६८ बमोजिम तोकिएको कसुर पुनः गर्नेलाई कसुरको मात्रा अनुसार प्रत्येक पटकका लागि कैद सजाय भए एक बर्षसम्म कैद र जरिवाना भए प्रत्येक पटकका लागि तोकेको जरिवानाको दोब्बर जरिवाना वा दुबै सजाय हुनेछ।

७०. <u>कसूरको जाँचबुझ र कार्यविधिः</u> (१) यो ऐन बमोजिम हुने कसूरको जाँचबुझ, अनुसन्धान, तहकिकात र सो सम्वन्धी कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक वर्षसम्म कैद सजाय हुने कसूर सम्वन्धी मुद्दाको जाँचबुझ, अनुसन्धान तथा तहकिकात प्रदेश सरकारको वन सेवामा कार्यरत डिभिजनल वन अधिकृतभन्दा एक तह मुनीको कर्मचारीदेखि कम्तिमा पाँचौ तहको कर्मचारी सम्मले गर्नेछ र त्यस्तो अधिकृत सम्वन्धित जिल्लाको डिभिजनल वन अधिकृतले तोक्नेछ।

७१. <u>प्रदेश सरकार वादी हुनेः</u> यस ऐन अन्तर्गतको मुद्दामा प्रदेश सरकार वादी हुनेछ।

७२. <u>मुद्दा हेर्ने अधिकारीः</u> यस ऐन अन्तर्गत दुई लाख रुपैयाँसम्म जरिवाना हुने मुद्दा डिभिजनल वन अधिकृतले कारवाही र किनारा गर्नेछ।

७३. <u>पुनरावेदन सम्वन्धी व्यवस्थाः</u> दफा ७२ बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नवुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

७४. **कानूनी राय सल्लाह लिन सक्ने:** यो ऐन बमोजिम कसूरको जाँचबुझ, अनुसन्धान तथा तहकिकात गर्दा आवश्यक परेका बखत अनुसन्धानकर्ता तथा मुद्दा हेर्ने अधिकारीले मुख्य न्यायाधिवक्ताको कार्यालयबाट कानूनी राय सल्लाह लिन सक्नेछ।

## परिच्छेद-१७

## विविध

७५. **वन विकास कोष सम्वन्धी व्यवस्था:** (१) राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण र संवर्द्धन गर्न एवं अन्य प्रवर्द्धनात्मक कार्यका लागि प्रदेश सरकारले एक कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७६. **समन्वय र सहकार्य:** (१) अन्तरप्रादेशिक वन क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनको लागि अन्य प्रदेश सरकार, नेपाल सरकार र स्थानीय तह लगायत अन्य प्रमुख सरोकारवालाहरुसँग गरिने समन्वय र सहकार्य आवश्यकता अनुसार निर्देशनालय र मन्त्रालयले गर्नेछ।

(२) डिभिजन वन कार्यालयले निर्देशनालय र निर्देशनालयले मन्त्रालयसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

७७. **वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्ने:** (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग संचालन गर्नुपूर्व सम्वन्धित डिभिजन वन कार्यालयमा उत्पादन गर्ने वस्तु र सेवाको बारेमा बार्षिक रुपमा जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारीका आधारमा डिभिजनल वन अधिकृतले वन पैदावारमा आधारित उद्योगहरुको आर्थिक योगदान देखिने गरी अभिलेख राखी सोको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

७८. **अभिलेख व्यवस्थित गर्नुपर्ने:** (१) सम्वन्धित डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र पर्ने प्रादेशिक वन र वन व्यवस्थापनसँग सम्वन्धित तोकिए बमोजिमको विषयको अभिलेखीकरण तोकिए बमोजिम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थित गरिएको अभिलेखको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा उपलब्ध गराउनुपर्नेछ।

७९. **वन बीउ उद्यान सम्वन्धी व्यवस्था:** प्रदेश सरकारले प्रादेशिक वनको कुनै भागलाई वन बीउ उद्यान घोषणा गर्न सक्नेछ र नेपाल सरकारले घोषणा गरेको वन बीउ उद्यानमा सहकार्य गरी व्यवस्थापन र संचालन समेत गर्न सक्नेछ।

८०. **कृषि वन प्रणाली अवलम्बन गर्न सकिने:** वन क्षेत्रको जग्गामा भू-उपयोगमा परिवर्तन नहुने गरी तोकिए बमोजिम कृषि वन प्रणाली अवलम्बन गर्न सकिने छ।

८१. **पुरानो घरको पुरानो काठ ओसारपसार सम्वन्धी व्यवस्था:** (१) पुरानो घरमा प्रयोग भएको पूरानो काठको ओसारपसार गर्न मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निश्चित समयका लागि खुला गर्न सक्नेछ।

तर स्थानीय तह, प्रदेश वा संघीय निर्वाचन हुनुभन्दा छ महिना अगाडिको अवधिमा पूरानो घरको पूरानो काठ ओसारपसार गर्न मन्त्रालयले प्रस्ताव पेश गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले सूचना प्रकाशन गरेमा सम्वन्धित घरधनीले तोकिए बमोजिमको कागजात सहित सम्वन्धित डिभिजन वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा निर्देशकको अनुमती लिई सम्वन्धित डिभिजन वन कार्यालयले स्थानान्तरण इजाजत दिन सक्नेछ।

(४) पूरानो घरको पूरानो काठको ओसारपसार सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**स्पष्टिकरणः**-यस दफाको प्रयोजनको लागि पूरानो घरको पूरानो काठ भन्नाले कम्तिमा दश वर्ष पूरानो घरमा प्रयोग भएको काठलाई सम्झनुपर्छ।

८२. **काठमा आधारित कागज वनाउने उद्योगको लागि कच्चा पदार्थ आपूर्ति सम्वन्धमाः** (१) निजी नम्बरी जग्गा वा निजी वनमा उत्पादित मसला, पोपलर र अन्य तोकिएका जातका काठ दाउरा काठमा आधारित कागज वनाउने नेपालमा स्थापित उद्योगसम्म निर्वाध रुपमा ओसारपसार गर्न पाइनेछ।

(२) उपदफा (१) बमोजिमको काठ दाउरा काठमा आधारित कागज वनाउने नेपालमा स्थापित उद्योगसम्म काठ दाउरा कटान, मुछान, ओसारपसार र प्रयोग गर्दा कुनै पनि निकायबाट कटान आदेश वा स्थानान्तरण इजाजत लिनुपर्ने छैन।

तर त्यसरी उत्पादित काठ दाउरा ओसारपसार गर्नुभन्दा तीन दिन अघि सोको जानकारी सम्वन्धित सव डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(३) कच्चा पदार्थ आपूर्ति तथा ओसारपसार सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८३. **प्राविधिक सहयोग दिनेः** कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सम्बन्धित डिभिजनल वन अधिकृतले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

८४. **प्रतिबन्ध लगाउन सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वा सार्वजनिक सूचना मार्फत जैविक विविधता र वातावरण संरक्षणका लागि तोकिएका वनपैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरणमा प्रतिबन्ध लगाउन सक्नेछ।

८५. **राहत सम्बन्धी व्यवस्थाः** वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाईते भएमा तोकिए बमोजिम प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ।

८६. **वातावरणीय सेवाको व्यवस्थापनः** (१) वन क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग, तथा लाभांश वितरण सम्वन्धी ब्यवस्था संघीय वन ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिभिजन वन कार्यालयले आफ्नो बार्षिक कार्यक्रममा व्यवस्था गरी वातावरणीय सेवा बोलपत्र (इन्भाइरोमेन्टल सर्भिसेज टेण्डर) आह्वान गरी तोकिएका शर्त पूरा गरी वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने निजी वनको धनीलाई अनुदान वा अन्य प्रकारको भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

८७. **<u>सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था:</u>** नेपाल सरकारले प्रादेशिक वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन संघीय वन ऐनमा तोकिए बमोजिम सञ्चालन गर्नेछ।

८८. **<u>ड्रेस कोड सम्बन्धी व्यवस्था:</u>** (१) प्रदेश सरकारले वन सेवामा कार्यरत कर्मचारीको पहिचान र विशिष्टताका लागि तोकिए बमोजिमको पोशाकको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लागू गर्ने ड्रेस कोड मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

८९. **<u>सुराकीलाई पुरस्कार दिने:</u>** (१) यस ऐन बमोजिम कसूर हुन लागेकोवा भैरहेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसूरदारलाई हुने जरिवानाको दश प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार दिने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९०. **<u>असल नियतले काम गरेकोमा बचाउ:</u>** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुनेछैन।

तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार त्यस्तो कर्मचारीमा हुनेछ।

९१. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१) यस ऐन बमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा निर्देशनालयले चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले जिल्ला भित्र विभिन्न वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भएका वनको प्रत्येक महिना अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन निर्देशनालय मार्फत प्रदेश तथा संघीय मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) डिभिजनल वन अधिकृतले वन पैदावारमा आधारित उद्योगहरुको त्रैमासिक रुपमा अनुगमन समेत गरी सोको प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) अनुगमन तथा मूल्याङ्कन सम्वन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

९२. **<u>अधिकार प्रत्यायोजनः</u>** कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा कम्तिमा प्रदेश सरकारको छैटौं तहको अधिकृतस्तर कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्नु पर्नेछ।

९३. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

९४. **<u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने:</u>** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

९५. <u>**यस ऐन बमोजिम हुने:**</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ।

९६. <u>बचाउ:</u> (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि वन ऐन, २०४९, उक्त ऐन बमोजिम बनेको नियम वा जारी भएको आदेश बमोजिम प्रदेश सरकार वा मन्त्रालय र अन्तर्गतका कार्यालयद्वारा गरिएको काम यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

(२) प्रचलित संघीय वन ऐन बमोजिम भएका र प्रदेश सरकार अन्तर्गत कार्य सम्पादन गर्ने गरी संघीय सरकारबाट हस्तान्तरण भए गरेका कार्यको हकमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १